भीरकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वयरघारी, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः २०७९।०८०
चलानी नं

## कर्मचारी सेवा करारमा लिने सम्बन्धी सूचना ।

प्रथम पटक सूचना प्रकाशन मिति २०७९।०५।२१

भीरकोट नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार सहायक (१) एक पद खुला प्रतिस्पर्धाबाट करारमा पदपूर्ति गर्नका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित भीरकोट नगरपालिका कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकरीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क.स | विज्ञापन नं. | पद | तह | आवश्यक संख्या |
|---|---|---|---|---|
| १ | ०३/०७९/०८० | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | १ जना |

१. आवश्यक न्यूनतम योग्यता र अनुभव
   क) नेपाल सरकारबाट मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको।
   ख) दरखास्त दिने अन्तिम मितिमा १८ बर्ष पूरा भई ४५ बर्ष ननाघेको ।
   ग) आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ (तीन) महिनाको तालिम लिएको ।
२. दरखास्त दिने स्थानः भीरकोट नगरपालिका नगरकार्यपालिकाको कार्यालय बयरघारी, स्याङ्जा ।
३. दरखास्त दिने अन्तिम मितिः- २०७९/०६/०४ गते कार्यालय समयभित्र ।
४. आवेदन दस्तुरः- रु. ५००।– (पाँच सय मात्र)
५. छनौटको किसिमः- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा
६. आवेदन साथ संलग्न कागजातहरुः- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको कागजातको प्रतिलिपिहरु
   क) नागरिकता
   ख) न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
   ग) चारित्रिक प्रमाणपत्र
   घ) तालिमको प्रमाणपत्र
   ङ) अनुभव भए सोको कागजात
   च) २ प्रति पासपोर्ट साइजको फोटो
७. सेवा सुविधा तथा अन्यः स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ । (आवेदनको ढाँचा र रोजगार सहायक पदको कार्यविवरण, पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य विस्तृत जानकारी मन्त्रालय र नगरपालिकाको वेवसाइटबाट उपलब्ध हुनेछ ।)

**लिखित परीक्षाको मिति र समय पछि प्रकाशन गरिनेछ ।**

पुनश्चः विस्तृत जानकारीको लागि भीरकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बयरघारी स्याङ्जामा सम्पर्क गर्नुहुन ।

राम प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत